जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किए यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि धवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
वर्ष १२ • अंक ३०३ • २०८२ भदौ ६ गते शुक्रवार • 22 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday@gmail.com

# निजि विद्यालयका सञ्चालकहरुद्वारा काठमाडौंमा बिरोध प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ५ भदौं**

विधालय शिक्षा विधेयकको प्रतिवेदनप्रति असहमति जनाउदै निजि विद्यालय सञ्चालकहरुले काठमाडौंमा प्रदर्शन गरेका छन्।

निजि विद्यालय बन्द गराउने गरि विधालय शिक्षा विधेयकलाई अघि बढाउन खोजिएको भन्दै प्याव्सन, नेशनल प्याव्सन, हिसान लगाएतले संयुक्तरुपमा काठमाडौंको माइतिघर देखि नयाँ बानेश्वरसम्म विरोध प्रदर्शन गरेका हुन्।

विधालय शिक्षा विधेयकको प्रतिवेदनमा रहेका केहि प्रावधानहरु अव्यवहारिक र अन्यायपूर्ण रहेकाले उक्त प्रावधान हटाउनुपर्ने उनीहरुको माग छ। पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाइनु पर्ने, विद्यालयहरूमा उत्पादन नहुने सामग्रीहरू जस्तै पोशाक, स्टेशनरी, शैक्षिक सामग्री, खाना खाजा उपलब्ध गराउने प्रावधान खारेज गर्नुपर्ने , कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयहरूलाई




'गैर नाफामूलक' बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने निजि विद्यालय सञ्चालकहरुले जनाएका छन् ।

प्याब्सनका सल्लाहकार डिके ढुङ्गानाले विद्यालयले विधाथीको अभिभावक बन्न सक्ने तर आमाबाबु नै बनेर जिम्मा लिन नसक्ने बताउनुभयो। विधेयकमा रहेका कतिपय अव्यवहारिक बिषयलाई हटाउनुपर्ने उहाले बताउनुभयो।

त्यस्तै आन्दोलनका लागि उदयपुरबाट आउनुभएका प्याव्सन उदयपुरका बरिष्ठ उपाध्यक्ष बिष्णुप्रसाद पौडेलले विधेयकका रहेका केहि प्रावधानहरुले निजि विद्यालय बन्द हुने अवस्थामा पुग्ने भएकाले बाध्य भएर विरोध जनाउनुपरेको बताउनुभयो।

निजी विद्यालयहरुले भदौ ६ गते शुक्रबार विहान ११ बजे देशैभरिका स्कुल बसहरू विद्यालयको नजिक पर्ने चोकमा उतारी नगर परिक्रमा गर्ने र भदौ ८ गते निर्णायक आन्दोलनमा प्रवेश गर्ने जनाएका छन्।

# लैंगिक समानता नीति र सामाजिक समावेशिकरण नीति सम्बन्धि छलफल समपन्न

**आरजे इर्शाद शेख**
**जनकपुरधाम, ५ भदौं**

मटिहानी नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति पारित (सशक्तिकरण) सम्बन्धी एक दिवसीय छलफल कार्यक्रम जनकपुरको शिवचोकस्थित होटल वेलकममा सम्पन्न भएको छ। Support Nepal को आयोजनामा तथा जर्मन संस्था KURVE Wustrow को सहकार्यमा कार्यक्रम



आयोजना गरिएको थियो। कार्यक्रममा नगरपालिकाको नीति निर्माण प्रक्रिया, तथ्याङ्कीय अवस्था, र सामाजिक समावेशीकरणको महत्व बारे विस्तृत छलफल गरिएको थियो। छलफलको मुख्य उद्देश्य नीति निर्माणलाई समावेशी, दिगो र लैंगिक न्यायमा आधारित बनाउने रहेको आयोजकले बताएका छन्। तथ्यांकहरू अनुसार मटिहानी नगरपालिकाको अवस्था यस्तो छ : नगर क्षेत्रफल: २९.०२ वर्ग कि.मी.,कुल जनसंख्या: ३६,१३६ जना (पुरुष: १७,५५२, महिला: १८,५८४),साक्षरता दर: औसत ५७.५५% (महिला: ४८.७७५%, पुरुष: ६६.९४५%),लैङ्गिक अनुपात: ९४.४५ ,परिवार संख्या: ६,७०९, औसत परिवार आकार: ५.३९,वार्षिक जनसंख्या वृद्धिदर: १.४६५%,जनघनत्व: १२४५ व्यक्ति प्रति वर्ग कि.मी.,धार्मिक संरचना: हिन्दू - ७३.२९%, दोस्रो स्थानमा मुस्लिम समुदाय,कार्यक्रममा वक्ताहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नीति आवश्यक रहेकोमा जोड

बांकी पृष्ठ २ मा

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
Super 81 Scholarship Scheme
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

बालअधिकार सुनिश्चित गरौं
बालअधिकार :
❖ शिक्षा,स्वास्थ्य र पालन पोषणको अधिकार,
❖ हिंसा र शोषणबाट जोगिने अधिकार,
❖ अधिव्यक्ति र सहभागिताको अधिकार,
❖ माया,स्नेह र संरक्षण पाउँने अधिकार,
❖ खेल र मनोरञ्जनको अधिकार ।
त्यसैले,
❖ बालश्रम अन्त्य गरौं,
❖ सबै बालबालिकालाई विद्यालय पुर्याऔं,
❖ बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं,
❖ बालमैत्री समाजको निर्माण गरौं ।
"आजका बालबालिका, भोलिका कर्णधार"
नेपाल सरकार
विज्ञापन बोर्ड




# प्रादेशिक अस्पताल जलेश्वरको व्यवस्थापनमा ध्यान देऊ

प्रादेशिक अस्पताल जलेश्वरको व्यवस्थापनमा व्यापक कमी कमजोरी देखिएको कारण यथासिघ्र सोको व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ। प्रादेशिक अस्पताल जलेश्वरमा विरामीहरुको उपचारको लागि अस्पतालको आन्तरिक स्रोतबाट निःशुल्क उपलब्ध हुने रुई,सिरिन्च ,सामान्य औषधीहरु आदि लगायतका सामाग्रीहरु उपलब्ध नहुनु कतै न कतै अस्पताल भण्डार व्यवस्थापनकै कमी कमजोरीका कारण बिरामीहरु बाहिर पसलबाट ती सामाग्रीहरु ल्याउनु पर्ने बाध्यात्मक अवस्था सृजना भएको देखिन्छ । अस्पतालको सम्पूर्ण व्यवस्थापनमा मे.सु. तथा अस्पतालको अध्यक्षको महत्वपूण जिम्मेबारी रहेको हुन्छ । सामान्य सामाग्रीहरुका अभावका कारण विरामीहरुलाई सास्ती हुनु कतै पनि क्षम्य नहुने भएकोले यसको व्यवस्थापन समयमै हुनु आवश्यक रहेको देखिन्छ । उद्योग वाणिज्य संघ महोत्तरीको अध्यक्ष शिवचन्द्र चौधरीले मुख्यमन्त्री सतिश कुमार सिंहलाई बुझाएको ज्ञापन पत्रको आधारमा केही कर्मचारीहरुलाई मुख्यमन्त्री सिंहले स्पष्टीकरण माँग गरेका छन् जुन स्वागतयोग्य निर्णय रहेको देखिन्छ । यसै गरी मुख्यमन्त्री सिंहले यस अस्पतालको अन्य सरोकार बाला जिम्मेबारी व्यक्तिहरुलाई समेत स्पष्टीकरण लिन आवश्यक रहेको देखिन्छ । किनभने स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रलाई यसरी अलपत्र बनाउनु जनताको स्वास्थ्यसँग खेलबाड गर्नु हो जुन अबैधानिक तथा अव्यवहारिक देखिन्छ । त्यसकारण यस अस्पतालको व्यवस्थापनदेखि गुणस्तरीय सेवा संचालनको लागि दिगो व्यवस्थापन गर्नु पर्ने आवश्यकता रहेको देखिन्छ भने सम्बन्धीत निकायको अनुगमन पनि जरुरी रहेको देखिन्छ।

# संसदमा एकै स्वर : भारत-चीन सहमति आपत्तिजनक र अस्वीकार्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ५ भदौं**



नेपालको भूमि लिपुलेकबाट व्यापार सुरु गर्ने भारत र चीनको सहमतिको संसद्रुमा विरोध भएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सत्ता र प्रमुख प्रतिपक्ष दुवैले उक्त सहमतिप्रति आपत्ति जनाए। भारत र चीनले नेपालसँग सरोकार नराखी गरेको निर्णयबारे उनीहरूसँग कुरा गर्न सांसदहरूले माग गरेका छन्। सत्तारुढ प्रमुख दल कांग्रेसका महामन्त्री समेत रहेका सांसद गगन थापाले चीन-भारतबीचको व्यापार सम्झौता स्वीकार्य नरहेको उल्लेख गर्दै त्यसको प्रतिवादका लागि तयार हुन आग्रह गरे । 'हाम्रो भूमिको बारेमा सम्झौता भएको पढ्यौं, सुन्यौं । नेपाली कांग्रेस पार्टी हाम्रा दुई छिमेकीले गरेको यो व्यवहारप्रति गम्भीर असहमति प्रकट गर्दछ,' उनले प्रतिनिधिसभाको विशेष समयमा भने, 'यो आपत्तिजनक छ, अस्वीकार्य छ। नेपाल सरकारले जुन पहलकदमी अघि बढाएको छ, सबैलाई समेटेर अघि बढाओस्।'उनले यो विषयमा सबै दलहरू एक ठाउँमा उभिनुपर्ने र त्यो सन्देश दुवै छिमेकीलाई दिनुपर्ने बताए । 'यो विषयमा नेपालका र ाजनीतिक दलहरू एक ठाउँमा उभिनुपर्छ। म नेपाली कांग्रेस पार्टीका तर्फबाट एकढिक्का हुन आग्रह गर्दछु । उग्र राष्ट्रवादी हुनेतर्फ पनि नलागौं,' महामन्त्री थापाले भने, 'एकढिक्का भएर एउटै सन्देश दिनुपर्नेछ, हाम्रो भूमिमाथि आँखा लगाउने कुरा स्वीकार्य छैन, नेपालले यसको प्रतिवाद गर्छ। हामीले यो पोजिसन बनाउनुपर्ने छ।' एमालेका सचिव समेत रहेका सांसद योगेश भट्टराईले भारत र चीनबीचको सहमतिको विरोधमा सबै एक हुनुपर्ने बताए। उनले यो सहमति नेपालकै विरुद्धमा भइकाले यसमा केपी ओलीलाई मात्रै प्रश्न गरेर केही नहुने बताए। अब यो बारेमा कुरा गर्नुपर्ने उनले बताए। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले लिपुलेकबाट व्यापार खोल्ने भारत-चीन सहमतिबार े सरकारसँग जवाफ मागेको छ । प्रतिनिधिसभामा माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले भारत र चीनबीच नेपाली भूमि लिपुलेक भएर द्विपक्षीय व्यापार खोल्ने सहमति भएको विषय सरकारले संसद्लाई जानकारी गराउनुपर्ने माग गरे। सांसद पाण्डेले यस विषयमा सरकारले संसद्लाई आवश्यक जानकारी गराउनुपर्नेमा सभामुखमार्फत ध्यानाकर्षण गराए। 'सम्माननीय सभामुखज्यू आज नेपाल आमालाई दुखी रहेको छ। हाम्रा दुई छिमेकी मित्र राष्ट्रहरू चीन र भार तले हाम्रो देश नेपाललाई जानकारी समेत नदिई लिपुलेक पासबाट द्विपक्षीय व्यापार खोल्ने सहमति गरेको भन्ने खबरले हाम्रो दलको गम्भीर ध्यान ध्यानाकर्षण भएको छ ।'नेपालको संविधानमा उल्लेख भएको भूमि लिपुलेक, कालापानी, लिम्पियाधुर ाबारे कुनै जानकारी समेत नदिई गरि एको भनिएको उक्त सहमतिप्रति आपत्ति प्रकट गर्दै उनले विगतमा पनि आफ्नो पार्टीले यो विषयमा नेपालको राष्ट्रिय सार्वभौमिकता तथा अखण्डताको विरुद्ध छ।




अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## लैंगिक समानता नीति र सामाजिक............

दिए। सबै वर्ग, जात, लिङ्ग र समुदायको समावेशी सहभागिता सुनिश्चित गर्न, निर्णय प्रक्रियामा पिछडिएको वर्गको आवाज समेट्न ,संघीय लोकतान्त्रिक गणतन्त्रको भावना अनुसार योजना तथा कार्यक्रमलाई समावेशी बनाउने ,विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा सहयोग पुऱ्याउने ,लोकतन्त्रका लाभहरू न्यायोचित रूपमा बाँडफाँड गर्न नीति ल्याइएको हो ।कार्यक्रममा मटिहानी नगर पालिकाका नगर प्रमुख हरिप्रसाद मंडल, उप-प्रमुख मञ्जु देवी साह, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, क्गउउयचत ल्भउर्बा की रोशना खड्का, वडा अध्यक्ष कलिम अन्सारी, मदन चौधरी, शिवशंकर र ाय, रउफ राईन, नाजिर मियाँ, गफ्फार राईन, रितेश साह, योजना अधिकृत चन्देश्वर यादव, स्वास्थ्य शाखा प्रमुख पवन मंडल, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दास, शिक्षा शाखा प्रमुख श्रीश, कृषि शाखा प्रमुख टंक प्रसाद, साथै सञ्चारकर्मी तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो। कार्यक्रमले नीति निर्माण प्रक्रियामा समुदायको प्रत्यक्ष सहभागिता र आवाजको सुनिश्चितता गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: लामो यात्राको योग छ
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन:शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# पुटिनले अलास्कामा इन्धन शुल्क नगदै तिर्नु पर्ने बाध्यता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ भदौं**



रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिका भ्रमणमा रेड कार्पेटको स्वागत पाए। १५ अगस्टमा अलास्का पुगेका भ्रमणको क्रममा उनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि हाबी भएको चर्चा छ।

तर, फर्कने बेला उनलाई अमेरिकी प्रतिबन्धका कारण केही अप्ठ्यारो पऱ्यो। जब फर्कने बेला उनले आफ्ना विमानहरूमा इन्धन भर्नुपर्ने भयो, अमेरिकी प्रतिबन्धका कारण रूसले अनलाइनबाट भुक्तानी गर्न सकेन। फलतः झन्डै साढे तीन करोड रूपैयाँ रूसले नगद नै तिर्नुपऱ्यो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले दिएको जानकारी अनुसार अमेरिकी प्रतिबन्धका कारण उनको टोलीले नगदमा भुक्तानी गर्नुपरेको थियो। अलास्का भ्रमणका लागि रूसी प्रतिबन्धलाई आंशिक हिसाबले अल्पकालका लागि खोलिएको थियो।

# आमिर खानले डीएनए परीक्षण गराउनुपर्ने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ भदौं**



बलिउड अभिनेता आमिर खानका भाइ फैसलले दाजुबारे एकपछि अर्को गर्दै रहस्य खुलाउँदै आएका छन् । बलिउडका मिस्टर परफेक्शनिस्टमाथि फैसलले कयौं आरोप लगाएका छन्।उनले आमिर खानको व्यक्तिगत जीवनका बारेमा पनि कुरा गरेका छन् । एक अन्तर्वार्तामा फैसलले आमिरको दुई विवाह, सम्बन्ध विच्छेद र अफेयरबारे केही सनसनीपूर्ण खुलासा गरेका हुन्। उनले आमिर खानको डीएनए परीक्षण गराउनुपर्ने समेत बताएका छन् ।


## मटिहानी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धिरापुर,महोत्तरी
मधेस प्रदेश,नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।०५।०६)

बैदेशिक रोजगारीलाई सुरक्षित,व्यवस्थित,उपलब्धिमूलक तथा मर्यादित बनाउने उद्देश्यले सूचना तथा परामर्श,सिप तालिम,न्यायमा पहुँच,वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि यस कार्यालयको मिति २०८२।०५।०३ गतेको निर्णयानुसार SaMi कार्यक्रम अन्तर्गत मटिहानी न.पा.को लागि मनोसामाजिक परामर्शकर्ता पद(सहायक पाँचौ तह सरह) र रिटर्नी स्वयं सेवक देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजे सम्म राजश्व तिरेको रसिद संलग्न गरी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| ०२/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह सरह) | १(एक) | •मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ (नर्सिङ्ग) मनोविज्ञान/समाजशास्त्र सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्रेजुएट डिप्लोमा इन काउन्सेलिङ उतिर्ण गरेको ।<br>•मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र प्राप्त गरेको भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।<br>•कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव(Word,Excel,Power Point,Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>•SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा :– कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । | १०००।– (एक हजार मात्र) |
| ०३/०८२/०८३ | रिटर्नी स्वयं सेवक | २(दुई) | • न्यूनतम कक्षा ८ उतिर्ण गरी बैदेशिक रोजगारी(खाडी मुलुक र मेलसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>• सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ । | ५००।– (पाँच सय मात्र) |

**शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिकता
२. शैक्षिक योग्यताको प्रमाणपत्र र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
३. उमेर :– १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
४. छनौट किसिम :– प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन,लिखित,प्रयोगात्मक र अन्तरवार्ता,रिटर्नी स्वयं सेवकको हकमा अन्तरवार्ता मात्र ।
५. पारिश्रमिक तथा सेवा सुविधा :– कार्यक्रमको नियमानुसार
६. दरखास्त दिनु पर्ने स्थान :– मटिहानी न.पा.को कार्यालय,धिरापुर,महोत्तरी ।
७. दरखास्त दिने अन्तिम मिति :– २०८२/०५/२० गते सम्म, सार्वजनिक विदा परेमा भोलिपल्ट ।
८. आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयंले प्रमाणित गरेको हुनुपर्ने छ ।
९. तोकिएको दस्तुर माछापुच्छ्रे बैंक लि.मटिहानी शाखामा यस मटिहानी न.पा.नगर कार्यपालिकाको कार्यालयको रहेको आन्तरिक राजश्व खाता नं.– ग–१–१ ०६०००६०८६९३००१२१ शिर्षक नं.– १४२२४ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न राखि स्वयं उपस्थित भई आवेदन दिनुपर्ने ।
१०.आवश्यक कागजातहरु :–

**मनोसामाजिक परामर्शकर्ता पदका लागि :–**

निवेदन पत्र,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणपत्रको प्रतिलिपि,व्यक्तिगत विवरण(Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको तीन प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस नगरपालिकामा पेश गर्नुपर्ने छ ।

**रिटर्नी स्वयंसेवकको हकमा :–**

स्पष्ट पद सहित निवेदन पत्र,राहदानीको प्रतिलिपि(बैदेशिक रोजगारमा जाँदा इमिग्रेशनले राहदानीमा लगाएको प्रस्थान(Departure) र आगमन(Arrival) को छाप लागेको पेजको प्रतिलिपि,श्रम स्वीकृतिको प्रतिलिपि,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणपत्रको प्रतिलिपि,व्यक्तिगत विवरण(Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको तीन प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस नगरपालिकामा पेश गर्नुपर्ने छ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छ ।

११. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कार्यवाही नभएको ।
१२. उल्लेखित सूचना अनुसार दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार पदपूर्ति समितिमा रहने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# लिपुलेकमा नेपाललाई किन गरियो उपेक्षा ?

प्रधानमन्त्री ओलीको भारत र चीन भ्रमणको पूर्वसन्ध्यामा लिपुलेक प्रयोगबारे भारत र चीनबीचको सहमतिले विवाद निम्त्याएको छ।
नेपालले लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूभाग भएको अडान कायमै राख्दै भारत र चीनलाई उक्त क्षेत्रमा कुनै पनि क्रियाकलाप नगर्न आग्रह गरेको छ।
नेपालका कूटनीतिज्ञहरूले लिपुलेक समस्या समाधानका लागि कूटनीतिक संवादलाई जोड दिएका छन्, र प्रधानमन्त्रीको भ्रमणमा यस विषयलाई उठाउनुपर्ने सुझाव दिएका छन्।

काठमाडौं। प्रधानमन्त्री केपी शर्मा ओली छिमेकी मुलुक चीन र भारत भ्रमणको सम्मुखमा छन्। यही बेला नेपाली भूभाग लिपुलेक प्रयोगका सवालमा भारत र चीनले गरेको सहमतिले त्रिदेशीय बखेडा निम्तिएको छ। चीन र भारतबिच मंगलबार भएको व्यापार सम्झौता पश्चात बुधबार नेपालको परराष्ट्र मन्त्रालयले चीन-भारत सहमति स्वीकार्न नसकिने जनाएको छ, जसमा लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो अभिन्न भूभाग रहेको अडानलाई नेपालले कायमै राखेको छ। नेपालले आफ्नो धारणा प्रस्ट पारेलगत्तै भारतले काउन्टर जबाफ फर्काएको छ, जुन नेपालका लागि चिन्ता र चासोको विषय बनेको छ। महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट रहेको भन्दै परराष्ट्र मन्त्रालयले भनेको छ, 'नेपाल सरकारले भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण/विस्तार, सीमा व्यापारजस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गर्दै आएको विदितै छ।' उक्त क्षेत्र नेपाली भूभाग रहेको विषयमा नेपालले चीनलाई समेत जानकारी गराइसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ। नेपालको यो प्रतिक्रियापछि भारतले नेपालको दाबीलाई स्वीकार्न नसकिने 'काउन्टर' जबाफ दिएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले लिपुलेक पास हुँदै व्यापार गर्ने विषयमा भारत र चीनबिचको सहमतिबारे नेपालको परराष्ट्र मन्त्रालयको टिप्पणीलाई जानकारीमा राखेको भनेका छन्। 'यस विषयमा हाम्रो पुरानो अडान स्पष्ट र निरन्तर कायम छ। भारत र चीनबिच लिपुलेक हुँदै सन् १९५४ देखि नै व्यापार सुरु भएको थियो र यो दशकौंदेखि चल्दै आएको छ,' भारतीय पक्षले भनेको छ, 'पछिल्लो समय कोभिड महामारी र अन्य कारणले रोकिएकोमात्र थियो। अहिले दुवै पक्ष व्यापार पुनः सञ्चालन गर्न सहमत भएको हो।' नेपालले आफ्नो भूभाग दाबी गरेको सन्दर्भलाई भारतले ऐतिहासिक तथ्य र प्रमाणले पुष्टि नगर्ने पनि जनाएको छ। 'जहाँसम्म भौगोलिक दाबीहरूको कुरा छ, हाम्रो धारणा प्रस्ट छ कि यस्ता दाबीहरू न त न्यायोचित छन्, न त ऐतिहासिक तथ्य र प्रमाणमा आधारित छन्। यस्ता कुनै पनि एकपक्षीय कृत्रिम भौगोलिक दाबी अस्वीकार्य हुन्छ,' भारतीय विदेश मन्त्रालयले जबाफ फर्काएको छ। २०१५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले चीन भ्रमण गर्दा समकक्षी ली खछियाङसँग लिपुलेक नाकाबाट द्विदेशीय व्यापार अभिवृद्धि गर्ने सहमति गरेलगत्तै नेपाल सरकारले कूटनीतिक नोट पठाएको थियो। तर नेपालको कूटनीतिक नोटबारे अर्को पक्षले कुनै चासो देखाएन। नेपालका कूटनीतिज्ञ तथा परराष्ट्रविदहरू भारत-चीनबिचको पछिल्लो सहमति र लिपुलेक समस्या समाधान गर्ने एकमात्र उपाय कूटनीतिक संवाद भएको बताउँछन्। 'लिपुलेकमा नेपालले आफ्नो हक कायम गर्न आधार पनि पेस गरेको छ, जुन ऐतिहासिक छ', नेपाल-भारत मामलाका जानकार तथा पूर्वपरराष्ट्रमन्त्री डा. भेषबहादुर थापाले भने, 'तर अचानक दुई छिमेकी मुलुकले सहमति गरेका छन्। यसको समाधान भनेको कूटनीतिक संवाद हो। त्यसका लागि दुवै देशसँग नेपालले कुराकानी गर्नुपर्छ।' नेपाली कांग्रेसका नेता तथा भारतका लागि नेपालका पूर्वराजदूत दीपकुमार उपाध्याय लिपुलेक, लिम्पियाधुरा, कालापानी लगायतका भूभागका बारेमा नेपालले दुवै छिमेकी मुलुक भारत र चीनसँग निरन्तर आफ्ना कुरा राख्नुपर्ने बताउँछन्। नेपालका तर्फबाट निरन्तरको कूटनीतिक पहल नभएकै कारण भारत र चीनबिच पटक-पटक उक्त भूमि हुँदै बनेको बाटोलाई व्यापारिक प्रयोजनमा प्रयोग गर्ने सहमति भएको उपाध्यायको भनाइ छ। 'हामी भारतसँग मैत्री र गाढा सम्बन्ध राख्न चाहन्छौं भने लिपुलेक, लिम्पियाधुरा र कालापानीले अन्य सम्बन्धलाई असर पार्ने गरी काम गर्नुहुँदैन।' यसअघि नै नेपालले चीनलाई उक्त भूभाग हाम्रो हो, तिमीले भारतसँग के आधारमा सम्झौता गऱ्यौ भन्ने हिसाबले 'प्रोटेस्ट नोट' पठाएको तर त्यसलाई बिचमा आएर उठान गर्न छाडेका कारण चीनले यो मुद्दालाई गम्भीरतापूर्वक नलिएको हुन सक्ने उपाध्यायको बुझाइ छ। 'हाम्रो कूटनीतिक पहल कमजोर भयो। कुनै एजेन्डालाई आफ्नो प्राथमिकतामा राखेपछि त्यसलाई निरन्तर अघि बढाउनु पर्छ,' उनले भने, 'कुनै पनि उच्चस्तरको भेटघाटमा हाम्रो पहिलो एजेन्डा यो हो, ल यसमा चाहिँ प्रवेश गरौं भन्नैपर्छ। त्यो भन्ने सामर्थ्य, हैसियत गुमाइसक्यौं। यसपालि पनि केही हुनेवाला छैन। दुई पक्षीय सहमतिविना केही हुन सक्दैन।' भारतका लागि नेपालका पूर्वराजदूत नीलाम्बर आचार्य पनि कूटनीतिक माध्यमबाट समस्या समाधानमा लाग्नुपर्ने मत राख्छन्। उनले भने, 'हामी भारतसँग मैत्री र गाढा सम्बन्ध राख्न चाहन्छौं भने लिपुलेक, लिम्पियाधुरा र कालापानीले अन्य सम्बन्धलाई असर पार्ने गरी काम गर्नुहुँदैन।' कूटनीतिक माध्यममार्फत संवाद गर्नुको विकल्प नभएको बताएका आचार्य लिपुलेकका सवाल चीनभन्दा पनि भारतसँग बढी सम्बन्धित रहेको बताउँछन्। 'अहिले चीनको सवाल गौण हो', आचार्यको भनाइ छ। उनले प्रधानमन्त्रीको आसन्न भारत र चीन भ्रमणका क्रममा दुवै देशसँग थाँती रहेका विषयमा कुराकानी गरेर टुङ्ग्याउनुपर्ने तर लिपुलेकको समस्या अहिले नै समाधान भइहाल्छ र गरिहाल्नुपर्छ भन्ने भनाइ पनि अव्यावहारिक हुनसक्ने बताए। प्रधानमन्त्री ओली भदौ १४ गते सांघाई को-अपरेसन अर्गनाइजेसन (एससीओ) शिखर सम्मेलनका लागि चीन भ्रमणमा जाँदै छन्। त्यहाँ चिनियाँ राष्ट्रपति सी जिनफिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छुट्टाछुट्टै भेट हुने बताइएको छ।




चीनका लागि नेपालका पूर्वराजदूत टंक कार्की भारत र चीनबिचको सम्बन्धमा सुधार भइरहेको अवस्थामा लिपुलेकका सन्दर्भमा दुई देशले गरेको पछिल्लो निर्णय अनपेक्षित रहेको बताउँछन्। 'अहिले भारत र चीनबिच सम्बन्धमा सुधार भइरहेको अवस्थामा लिपुलेकका सन्दर्भमा दुई देशले यस्तो निर्णय लिन्छन् भन्ने हाम्रो अपेक्षा थिएन', कार्कीले भने, 'यो घटना हाम्रालागि अप्रत्यासित हो। यो विषय नेपालका कुनै दल विशेष वा व्यक्ति विशेषभन्दा माथिको हो।' केही साताभित्र प्रधानमन्त्री केपी ओली चीन र भारतको भ्रमणमा जाँदैछन्। प्रधानमन्त्री ओलीको दुवै देशमा हुने भ्रमण दुई देशबिचको समस्या समाधान गर्ने अवसरका रूपमा प्रयोग गर्न सकिने कतिपयको विश्लेषण छ। प्रधानमन्त्री ओली भदौ १४ गते सांघाई को-अपरेसन अर्गनाइजेसन (एससीओ) शिखर सम्मेलनका लागि चीन भ्रमणमा जाँदै छन्। त्यहाँ चिनियाँ राष्ट्रपति सी जिनफिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छुट्टाछुट्टै भेट हुने बताइएको छ। ती भेटमा लिपुलेकको विषय प्राथमिकता साथ उठाउन प्रधानमन्त्री ओलीका लागि अवसर बन्नसक्ने कूटनीतिक मामिलाका जानकार बताउँछन्।

साभार : रातोपाटी





अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश







अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday